आज मिति २०८१/०६/१५ गते मंगलबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको तेस्रो बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

**अन्य उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत छैठौं | युग बहादुर खड्का | |

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**गाउँ कार्यपालिकाको तेस्रो बैठकको कार्यसूचि**

१. विगका निर्णयको समीक्षा सम्बन्धमा ।

२. असोज ११ र १२ गतको अविरल बर्षात पश्चात आएको बाढी पहिरोले पुर्याएको क्षति लगायत गाउँपालिकाभित्रको विपद् व्यवस्थापन सम्बन्धमा ।

३. आर्थिक सहायता माग भई आएको सम्बन्धमा ।

४. उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्बन्धमा ।.

५. जोखिमयुक्त वस्ती स्थानान्तरण सम्बन्धमा ।

६. धन्यवाद ज्ञापन सम्बन्धमा ।

७. विविध सम्मान कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगत दोस्रो गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यही असोज ११ र १२ गतो अविरल बर्षात पश्चातको बाढी पहिँरोका कारण पूर्णरुपमा क्षति भई अन्यन्त्र नयाँ घर बनाई बस्नुपर्ने अवस्थामा विपद् प्रभावितहरुलाई प्रदेश सरकार र संघीय सरकारले अनुदान उपलब्ध गराउने भएमा दोहोरो नपर्ने गरी निजी घर तथा आवास पुन:निर्माण गर्न गाउँपालिकाले प्रति घर रु. तीनलाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो । यस प्रयोजनको लागि सम्बन्धित वडा विपद् व्यवस्थापन समितिको बैठकबाट किटानी सिफारिस एवम् सर्जमिन मुचुल्का र वडाको सिफारिस सहितको निवेदन प्राप्त भए पश्चात गाउँपालिकाबाट खटिएका प्राविधिक कर्मचारीले उक्त घर बसोबासको लागि उपयुक्त नभएको ठहर गरेमा पुन निर्माण लाभग्राहीको सूचिमा सूचिकृत गरी निज लाभग्राहीसँगको सम्झौता गरी पहिलो किस्ता बराबर रु. पचास हजार दोस्रो किस्ता बापत रु. एकलाख पचास हजार र तेस्रो किस्ता बापत रु. एक लाख (घर निर्माण सम्पन्न भए पश्चात) उपलब्ध गराउने निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | नाम थर | कारण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | राजन खत्री, सुनकोशी-२ | मस्तिष्क सम्बन्धी समस्या | रु. १ लाख | |
| २. | सुरेश बिसुङ्के, सुनकोशी-७ | दुबै मृगौला खराब | रु १ लाख | |
| ३. | रमेश लामा, सुनकोशी-२ | मस्तिष्कको नसा सम्बन्धी | ५० हजार | |
| ४. | पूर्णबहादुर घर्ति क्षेत्री, सुनकोशी-२ | मस्तिष्कको नसा सम्बन्धी | ५० हजार | |
| ५. | केदार घतानी, सुनकोशी-६ | गोठ आगलागी तथा पशु क्षति | ४० हजार | |
| ६. | अच्युतप्रसाद पौडेल, सुनकोशी-४ | घर आगलागी | ३० हजार | |
| ७. | निर्मला भण्डारी खड्का सुनकोशी-३ | घर आगलागी | २५ हजार | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक बर्ष २०८१/०८२ लागि गाउँपालिकाबाट विनियोजन भएको योजना तथा कार्यक्रम कार्यान्वययनको लागि उपभोक्ता समिति गठन मिति २०८१ मंसिर १५ गते भित्र तथा योजना/कार्यक्रम सम्झौता मंसिर मसान्त भित्र गरिसक्न वडा कार्यालय लगायत सम्बन्धित सबैलाई जानकारी गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ को भिरखर्कमा रहेको मानव वस्ती २०८१ असोज ११ र १२ गते परेको अविरल बर्षाको कारण वस्तीको माथिबाट पहिरो गई सम्पूर्ण घरहरु अति जोखिमपुर्ण अवस्थामा रहेको र सो स्थानकां वासिन्दाहरु नजिकको वस्ती तथा पायक पर्ने आफन्त लगायतसँग आश्रय लिईरहेको हुँदा तत्काल वस्ती स्थानान्तरण गर्नु पर्ने

टपिन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भएको हुँदा सोही वडाको सुरक्षित स्थानमा स्थानान्तरणको लागि प्रदेश तथा संघीय सरकार वा अन्तर्गतको निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा जनस्वास्थ्य कार्यालय सिन्धुपाचल्चोकले आयोजना गरेको आर्थिक बर्ष २०८०/०८१ को जिल्ला स्तरीय बार्षिक समीक्षामा सो का लागि कार्यालयले तय गरेको जनस्वास्थ्य तर्फका विभिन्न सूचकहरुको आधारमा जिल्ला भित्रका स्थानीय तहहरुमध्ये प्रथम स्थान हासिल गर्न सफल भएको व्यहोराको प्रसंशा पत्र सहित जानकारी प्राप्त भएको छ । यसरी सफल भई सुनकोशी गाउँपालिकाको छवी माथि उठाउने गरी सूचक पूरा गर्न अहोरात्र खट्नुहुने स्वास्थ्य शाखा, सबै स्वास्थ्य संस्थाहरु तथा उल्लेखित नियकायमा भूमिका निर्वाह गर्ने सबै कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाको बासिन्दा भई समाज तथा देशको लागि उल्लेखनिय योगदान पुर्याउनु हुने तथा गाउँपालिका वा अन्तर्गतको निकायमा रही आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गर्ने महानुभावहरुलाई मिति २०८१ कातिक १४ गते गाउँपालिका स्तरीय सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको तेस्रो बैठक